# छबिसपाथिभेरा गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : ६ | संख्या: ३ | मिति:- २०७९।१०।१०

भाग: २

१. विपत व्यवस्थापन गर्न बनेको विपत राहत वितरण सम्बन्धी मापदण्ड, २०७९

गाउँकार्यपालिका बाट स्वीकृत मिति:-२०७९।०५।१५

प्रमाणीकरण मिति:- २०७९।०५।१६

राजपत्रमा प्रकाशन मिति:- २०७९।१०।१०

आज्ञाले

नाम:- गगन बहादुर ऐडी

पद:- नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

छबिसपाथिभेरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ब्याँसी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

# बिपद राहत वितरण सम्बन्धी मापदण्ड

२०७९

छबिसपाथिभेरा गाँउपालिका

बाताबरण तथा विपद ब्यवस्थापन समिति

ब्याँसी बझाङ

बिपद राहत वितरण सम्बन्धी मापदण्ड २०७९

छबिसपाथिभेरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश, नेपाल

# बिपद राहत वितरण सम्बन्धी मापदण्ड २०७९

प्राकृतिक र गैर प्राकृतिक बिपदमा परेका सर्वसाधारण गाँउपालिका बासीहरु तथा उनीहरुका परिवारलाई वितरण गरिने राहतमा एकरुपता कायम गर्न साथै राहत बितरण एवं सहयोगलाइ पारदर्शी सरल तथा बिश्वसनिय बनाउने उदेश्येले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा १ बमोजिम बिपद् जोखम न्युनिकरण तथा ब्यबस्थापन ऐन २०७५ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी छबिसपाथिभेरा गाँउपालिका गाउ कार्यपालिकाले यो मापदण्ड बनाई जारी गरेको छ ।

## परिच्छेद १

प्रारम्भिक

**१ संक्षिप्त नाम र प्रारम्भः**

१)यस मापदण्डको नाम " बिपद् राहत बितरण सम्बन्धी मापदण्ड २०७९ "रहेको छ ।

२)यो माणदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

**२परिभाषा र ब्याख्याः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा:-

(क)गैर प्राकृतिक विपद भन्नाले महामारी ,अनिकाल, डढेलो ,कीट वा सुक्ष्म जीवाणु आतंक, पशु तथा चराचुरुङ्गीमा हुने फ्लु, प्यान्डामाइसिस फ्लु, प्ले रोग ,सर्पदंश, जनावर आतंक, सडक तथा जल दर्घटना, आयलागी ,बिषाक्त ग्याँस, वन बिनास वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्दार कार्यमा हुने दर्घटना वा यस्तै गैर प्राकृतिक कारणले उत्पन्न हुने बिपद सम्झनु पर्नछ ।

(ख)प्राकृतिक बिपद भन्नाले हिमपात, असिना ,हिमपहिरो, हिमताल, बिस्पोटन ,अतिबृष्टी ,अनाबृष्टी ,बाढी पहिरो तथा भुस्खलन, डुवान, खडेरी, हुरी वतास, चटयाङ्ग ,भुकम्प , डढेलो वा यस्तै अन्य किसिमका प्राकृतिक कारणले उत्पन्न जुनसुकै विपद सम्झनु पर्दछ ।

(ग) विपद भन्नाले कुनै स्थानमा आपतकालिन अवस्था सिर्जना भई जनधनको क्षतिको साथै जीवनयापन र वाताबरणमा प्रतिकुल असर पार्ने प्राकृतिक वा गैर प्राकृतिक विपद् सम्झनु पर्दछ ।

(घ)राहत भन्नाले छबिसपाथिभेरा गाँउपालिकाले प्रदान गर्ने नगद वा जिन्सि लगायतका सेवा सुबिधा वा बस्तुगत सहायतालाइ सम्झनु पर्दछ ।

(ङ) विपद ब्यवस्थापन भन्नाले विपद जोखिम न्युनिकरण विपद प्रतिकार्य विपद पुनलार्भसँग सम्वन्धित सम्पुर्ण कृयाकलाप सम्झनु पर्दछ ।

(च) बिपद कोष भन्नाले विपद ब्यबस्थापन कोष सम्झनु पर्दछ ।

(छ)समिति भन्नाले गाँउपालिका विपद ब्यबस्थापन समिति सम्झनु पर्दछ ।

## परिच्छेद २

**कोषको ब्यबस्थाः**

३) यस मापदण्ड बमोजिम बिपद पिडितलाई राहत प्रदान गर्नुपर्नेःबिपद पीडितलाई राहत प्रदान गर्दा यस मापदण्ड बमोजिम गर्नुपर्नेछ ।

४)कोषबाट ब्यहोरिनेः

यस मापदण्ड बमोजिम उपलब्ध गराइने राहत सहयोग बिपद ब्यबस्थापन कोषबाट ब्यहोरिने छ ।

## परिच्छेद ३

बिपद ब्यबस्थापनका लागि राहत वितरण

५)राहत वितरणः

विपदबाट क्षति भएका देहाय बमोजिमको क्षतिको लागि वातावरण तथा विपद ब्यबस्थापन समिति वा बातावरण तथा बिपद ब्यबस्थापन शाखा मार्फत प्राप्त भएका स्थलगत अनुगमन मूल्याङ्कन प्रतिबेदन र वडा कार्यालयको सिफारिसका आधारमा राहत वितरण समितिको निर्णय बमोजिम बमोजिम तपशिल अनुसार राहत सहयोग उपलब्ध गराइनेछ ।

क)विपद घटनामा परि कुनै ब्यक्तिको मृत्यु भएको रहेछ भने मृतकका परिवारलाई राहत स्वरुप प्रति मृतक रु ५०,०००( पचास हजार )।

...गाउँपालिका
...कार्यालय
...



ख)विपदमा परि कुनै ब्यक्ति बेपत्ता भई खोजि कार्य गर्दा घटना भएको मितिले नब्बे दिनसम्म फेला नपरेमा वडा कार्यालयको सिफारिस र प्रहरी प्रतिवेदनको आधारमा एकाघरको नजिकको हकवालालाई रु ४०,०००। (चालिस हजार) ।

ग)कुनै पनि बिपदको घटनामा परि कुनै ब्यक्तिको घर खाध्यान्न र लत्ता कपडा समेत पुर्ण वा आंशिक रुपमा क्षति भएमा त्यस्तो परिवारलाइ तत्कालिन राहतका लागि नगद रु १०,००० (अक्षरुपि रु दश हजार) वा सो बरावरको खाध्य वा गैर खाध्य साम्रगी उपलब्ध गराउने छ ।साथै पूर्ण रुपमा क्षति भएको सन्दर्भमा बढीमा ४०,०००(अक्षरुपी रु चालिस हजार )नगद वा जिन्सि राहात सहायता उपलब्ध गराइनेछ ।थप सहायताको हकमा समितिको निर्णयानुसार हुनेछ ।

घ)सामान्यतया १,००,००० (अक्षरुपी रु एक लाख) सम्मको क्षतिको हकमा राहत स्वरुप रु ५,०००(अक्षरुपी रु पाच हजार) उपलब्ध गराइनेछ ।

ङ)विपदबाट घर बहालमा बसेको भएमा वा पसल ब्यबसाय समेत नोक्सानी भई तत्काल गुजारको लागि खाध्यान्न समेत नभएका वा दुबै अवस्थाका पीडित परिवारलाई तत्काल आवश्यक ब्यबस्थाको लागि प्रति परिवार नगद रु २०,००० (बीस हजार) वा सो बराबरको जिन्सी खाध्य वा गैर खाध्य साम्रगी सामान राहत उपलब्ध गराइने छ ।

च)कुनै प्रकोपका घटनामा परि घाइते भएका बिरामीहरुलाइं उपचारका लागि नजिकको अस्पताल वा नजिकको स्वास्थ्य केन्द्रमा लैजानु पर्ने घाइते गरिव असाहाय वा आर्थिक ब्यवस्था कमजोर रहेछ भने त्यस्तो घाइतेलाई अस्पताल लैजादाको यातायात खर्च भुक्तानी गरिनेछ ।

छ)विपदबाट घाइते भएको कुनै ब्यक्तिलाइ अस्पताल भर्ना भइ उपचार गराउनु परेमा त्यस्तो घाइते गरिव असाहाय वा आर्थिक अवस्था कमजोर भएमा उपचार खर्च बाफत एक पटकका लागि बढीमा रु १०,००० (दश हजार) सम्म खर्च उपलब्ध गराइने छ ।थप सहायतको लागि समितिको निर्णय अनुसार हुनेछ।

ब्याङ्क पाथिभेरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थाक्ली, बझाङ
सुदूरपश्चिम प्रदेश,नेपाल

ज)माथि जुनसुकै कुरा लेखिएको भएता पनि हावाहुरी वा चटयाङ्ग बाट घरको छानो वा अन्य सामान क्षति भएमा रु १०,००० (दश हजार) सम्म राहत उपलब्ध गराइनेछ।र सो को लागि वडाले सिफारिस र प्रहरीको मुचुल्का अनुसार हुनेछ ।

झ)यसरी रकम उपलब्ध गराउदा सम्बन्धित पिडित वा निजको निवेदन वडाको सिफारिस प्रहरीको मुचुल्काको आधारमा उपलब्ध गराइने छ ।

६) दिर्घकालिन राहत एव ब्यबस्थापनः

क)प्रकोपका कारण बसोबास गरि रहेको स्थानमा बसोबास गराउदा थप जोखिम हुने अवस्था रहेमा त्यस्तो पीडित परिवारलाइ सूरक्षित स्थानमा राखी बसोबास गराउनु पर्ने अवस्था भएमा बसोबास गराइने स्थान परिवार संख्या आवश्यक सामग्री र सो को लागि आवश्यक पर्ने बजेटको समेत अनुमान गरी पालिका विपद ब्यबस्थापन समितिले कार्यपालिकामा सिफारिस गर्नु पर्नेछ । त्यसरी भएको सिफारिसको आधारमा जिल्ला बिपद ब्यबस्थापन समिति सँग समन्वय गरी गाँउ कार्यपालिकाको बैठकको निर्णय अनुसार आवश्यक ब्यबस्था मिलाइने छ ।

ख)दफा ६ (क) अनुसार पूर्ण रुपमा वा आंशिक रुपमा कार्य गर्नको लागि गाँउ कार्यपालिका तथा बिपद ब्यबस्थापन समितिले वडा समितिलाई जिम्मेवारी तोक्न सक्नेछ ।यसरी तोकिएको जिम्मेवारी पुरा गर्नु सम्बन्धित वडा समितिको कर्तब्य हुनेछ ।

छबिसपाथिभेरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ग्वाँसी, बझाङ
सुदूरपश्चिम प्रदेश,नेपाल

**७)राहतका लागी पेश गर्नु पर्ने कागजातहरु:**

यस मापदण्ड बमोजिम राहत सहयोगको लागि पिडितले अनुसूची १ बमोजिमको ढाँचामा निबेदन पेश गर्नु पर्ने छ ।

क)नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।
ख)मृतकको हकमा नजिकको हकवालाको नाता खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।
ग)वडा कार्यालयको सिफारिस पत्र ।
घ)विपद ब्यवस्थापन समितिको निर्णयको प्रतिलिपि ।
ङ)वडा प्रतिनिधिको रहोवरमा भएको प्रहरी मुचुल्का ।
च)घटना सँग सम्बन्धित तस्वीर ।

## परिच्छेद ४

राहत बितरण समिति

**८)राहत बितरण समितिको गठन:**

छबिसपाथिभेरा गाँउपालिकाका क्षेत्र भित्र प्राकृतिक विपदमा परेका गाँउपालिका बासी तथा उनीहरुका परिवारलाई राहत वितरण गर्न देहाय बमोजिम राहत वितरण समिति रहनेछ ।

| | |
|---|---|
| क)गाँउपालिका अध्यक्ष | अध्यक्ष |
| ख)गाँउपालिका उपाध्यक्ष | सदस्य |
| ग)बातावरण तथा बिपद ब्यबस्थापन समिति संयोजक– | सदस्य |
| घ)प्रमुख प्रसासकिय अधिकृत | सदस्य |
| ङ)वातावरण तथा बिपद ब्यबस्थापन सदस्य सचिव– | सदस्य सचिब |

राहत वितरण सम्बन्धी मापदण्ड २०७८

श्रीलाल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश, नेपाल

राहत बितरण गर्दा पिडित मध्ये महिला बालबालिका जेष्ठ नागरिक दीर्घ रोगी अशक्त तथा अपाङ्गता भएका व्यक्तीलाई प्राथमिकता दिइनेछ ।

१०)राहत वितरणको समय सिमा:

यस मापदण्ड बमोजिम सहयोग उपलब्ध गराउदा घटना भई निबेदन दर्ता भए पश्चात तत्काल अनुगमनको व्यबस्था मिलाई सहयोग उपलब्ध गराइनेछ ।

११)यस मापदण्ड बमोजिम राहत वितरण गर्दा भुकम्प ,बाढी पहिरो, आगलागी ,अति वर्षा ,हरी बताास, महामारी ,चट्याङ, डुबान ,खडेरी, सर्पदंश ,बिषाक्त किटदंश लगायत बिपदका कारणबाट भएको प्रभावितहरु लाई मात्र राहत सहयोग उपलब्ध गराइनेछ ।

परिच्छेद ५

बिबिध:

१२)बिपदका पिडितहरुलाई पुन:स्थापना तथा पुन निर्माण

बिपदबाट क्षति भएका घर टहरा निर्माणका लागि प्रचलित नीति तथा कानुन बमोजिम जिल्ला वन कार्यालय एवं स्थानीय वन उपभोक्ता समिति मार्फत सहुलियत दरमा काठ उपलब्ध गराउने ब्यबस्था मिलाइनेछ ।

१३)राहत बितरणमा समन्वय गर्नु पर्ने:

दातृ निकाय मानवीय सहायता संस्था वा कुनै प्रकृतिको गैह सरकारी संस्थाले राहत बितरण गर्दा राहत बितरण योजना गाँउपालिकामा पेश गर्नेपर्ने छ ।

१४)बिबरण पेश गर्नु पर्ने:

यस मापदण्ड बमोजिम राहत बितरण ब्यबस्थापन समितिको निर्णयबाट बितरण भएको राहत बितरणको बिबरण गाँउ कार्यपालिकाको बैठकमा प्रत्येक चौमासिक र वार्षिक रुपमा गाँउ सभामा अनुसुचि २ बमोजिमको दाँचामा पेश गर्नुपर्नेछ ।

१५)बाधा अडकाउ फुकाउने अधिकार:

यस मापदण्ड कार्यान्वयन गर्दा कुनै बाधा अडकाउ परेमा गाँउ कार्यपालिकाले त्यस्तो बाधा अडकाउ हटाउने छ ।

१६)खारेजी र बचाउ:

क)राहत सहयोग सम्बन्धि यस पुर्व गाँउ कार्यपालिकाले गरेका निर्णयहरु यसै मापदण्ड बमोजिम भए गरेको मानिने छ ।

ख)यस मापदण्ड नेपालको संविधान र अन्य प्रचलित कानुनसँग बाझिएमा बाझिएको दहसम्म स्वत:अमान्य हुनेछ ।

(दफा ८ सँग सम्वन्धित)

## राहत माग गर्ने निबेदनको ढाँचा

श्रीमान वडा अध्यक्ष ज्यु

-----वडा कार्यालय

बिषयःराहत सहयोग सम्बन्धमा ।

प्रस्तुत बिषयमा मिति-------------------गतेका दिन यस छबिसपाथिभेरा गाँउपालिका वडा नं -----टोल----------- मा भएको विपलका सम्बन्धमा विपदबाट भएको क्षतिको राहत वितरण सम्बन्धि मापदण्ड २०७९ बमोजिम राहत सहयोग पाँउ भनि देहायको बिबरण सहित यो निबेदन पेश गरेको छु/छौ ।

१)विपदको घटनाः

२घाइते/मृतकको नाम

३ घाइते मृतकको नागरिकताको प्रमाणपत्र नः

४बाबुको नामः

५आमाको नामः

६ अनुमानित क्षतिको बिबरणः

७ प्रहरीको मुचुल्का:

८घटना सँग सम्बन्धित तस्विरहरुः

(दफा १४ सँग सम्बन्धित )

## अनुसुची २

## चौमासिक राहत बितरण बिबरण ढाँचा

मिति-------------------------------देखि----------------------------------सम्मको बिबरण

| क स | बिपद बिबरण | वडा नं | संख्या | राहत प्रदान गरेको रकम(जिन्सी भए खुलाउने ) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |